गैरसरकारी संस्था महासंघ नेपालको प्रकाशन

# सचेतक

अंक १ | २०७८

सल्लाहकार
जीतराम लामा
गोपाल प्रसाद लम्साल
ध्रुव प्रसाद देव
भीम प्रसाद शर्मा
सुमित्रा शर्मा
राम प्रसाद सुवेदी
दिनेश कुमार चौधरी
अर्जुन कुमार भट्टराई
बिष्णु थकाली
बैद्यनाथ चौधरी
भावना भट्ट
देवीप्रसाद तिमिल्सिना
शोभाराम डाँगी
डिल्लु प्रसाद घिमिरे
धर्मराज पाठक

संकलन तथा सम्पादन
उमेश विश्वकर्मा
हुम भण्डारी
शिक्षा रिसाल
श्रद्धा बास्कोटा
राजेन्द्र बहादुर सिंह

लेआउट एण्ड डिजाइन
निर्मल गैरे

प्रकाशक
सूचना, सञ्चार, अभिलेख तथा अनुसन्धान विभाग

## विषय सूची

| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | कोभिडविरूद्ध खोपको आवश्यकता र अभियान | २ |
| २. | कतिले खोप लगाए, कुन कुन खोप लगाए ? | ३ |
| | **कोभिड-१९ सन्दर्भ /समाचार** | |
| ३. | लकडाउनमा बढेको मानसिक स्वास्थ्य समस्या | ३ |
| ४. | बलात्कार र जबर्जस्ती करणीका घटना बढे | ४ |
| ५. | विपद्का बेला सामाजिक संघसंस्थाको भूमिका | ५ |
| | **अध्ययन** | |
| ६. | द्रुत प्रतिकार्य समितिहरुको गठन र परिचालन | ६ |
| ७. | सामाजिक संघसंस्थामा कोभिड-१९ को प्रभाव | ७ |
| | **अन्तरक्रिया कार्यक्रम** | |
| ८. | एचएलपीएफ साइड इभेन्ट्को आयोजना | ८ |
| ९. | नेपाल दिगो विकास मञ्चको समीक्षा बैठक | ९ |
| १०. | मनसुनी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन विषयमा छलफल कार्यक्रम | १० |
| ११. | कोभिड-१९ संकट व्यवस्थापन अध्यादेशको समीक्षा | १२ |
| १२. | विश्व भोकमरी सूचकांक प्रतिवेदनको नेपालमा सार्वजनिकरण | १३ |
| १३. | सामाजिक सुरक्षा कोषमा गैससको आवद्धताबारे छलफल | १३ |
| १४. | राष्ट्रिय नागरिक सम्मेलन तथा २६औं वार्षिक साधारण सभा कार्यक्रम | १४ |
| | **लेख/विश्लेषण** | |
| १५. | कोभिड महामारीमा बाल श्रमलाई बढवा | १७ |
| १६. | सामाजिक क्षेत्रबाटै वैकल्पिक अर्थव्यवस्थाको बहस शुरु गरौं<br>• *अर्जुन भट्टराई* | १९ |

# कोभिडविरुद्ध खोपको आवश्यकता र अभियान



सन् २०१९ डिसेम्बर ३१ मा चीनको हुवान प्रान्तमा मानव जातिमा पहिलोपटक नोबेल कोरोना भाइरसको पहिचान भएको थियो । यो भाइरस पशुबाट मानिसमा सरेपछि संक्रमण फैलिँदै गएको विश्व स्वास्थ्य संगठनले भनिसकेको छ। कोरोना भाइरस संक्रमण भएपछि सामान्य रूघाखोकीदेखि स्वासप्रश्वासमा गम्भीर समस्यासहित थुप्रै मानिसको ज्यान यसले लिइसकेको छ।

यो भाइरसको पहिचान भएसँगै छिटोछिटो सर्ने भएकाले विश्वभर निकै त्रासको वातावरण बन्न पुग्यो । संक्रमणका कारण मानिसको जीवनशैली नै परिवर्तन गरिदियो । मानिसलाई घरभित्र सीमित गरिदियो। मास्कले मुख छोपेर हिंड्नुपर्ने बनाइदियो। मानिस मानिसबीचमा सँगै आत्मीयता देखाउन नमिल्ने बनाइदियो। कोरोना भाइरसको पहिचान भएको झण्डै दुई वर्ष पुग्न आँट्यो । जुनसुकै समस्याको समाधान पनि पक्कै निस्कन्छ। विश्वमै यसको नियन्त्रणका लागि उपायहरू खोजिँदैछन्। त्यसमध्ये कोभिडविरूद्धको खोप एउटा नियन्त्रणको उपाय हो । अहिलेसम्म कोरोनाविरूद्धको खोप एक मात्रै नियन्त्रणको विकल्प हो । भाइरस पत्ता लागेको एक वर्षमै खोप आइसकेको छ। विश्वका विभिन्न मुलुक जस्तै अमेरिका, बेलायत, रूस, चीन लगायतका देशले खोपको विकास गरिसकेका छन् र आपूर्ति गर्दैछन्। खोपको विकास गरेका देशले मात्रै होइन विश्वभर नै कोरोना विरुद्धको खोप कार्यक्रम जारी छ। तरपनि, खोपको पहुँच र वितरणमा असमानता व्याप्त छ।

> नेपाल सरकारले दुई करोड १२ लाख नागरिकलाई खोप लगाउने लक्ष्य राखेको छ। १२ देखि १८ वर्षसम्मका बालबालिकाका लागि फाइजरको खोप उपलब्ध भए थप ३५ लाखलाई खोप दिने योजना बनाइसकेको छ।

नेपालमा पनि २०७७ माघ १४ देखि कोभिड विरूद्धको खोप लगाउन शुरू गरिएको थियो । फ्रन्टलाइनमा खटिने अर्थात चिकित्सक, स्वाथ्यकर्मीहरूबाट खोप लगाउन शुरूवात गरिएको थियो। त्यसपछि स्वास्थ्यकर्मी, पत्रकार, फ्रन्टलाइनमा खटिने सुरक्षाकर्मी लगायतलाई प्राथमिकताका आधारमा खोपको शुरूवात गरिएको थियो। अहिलेसम्म नेपालमा दुई चरणमा लगाइने कोभिडशील्ड र भेरोसिल खोप लगाइएको छ। त्यसैगरी एक मात्रा लगाएमा पूरा हुने जोन्सन एण्ड जोन्सन खोप पनि लगाउन शुरू भएको छ।

गत वर्षको माघ ८ मा पहिलोपटक भारतले १० लाख डोज कोभिशील्ड खोप नेपाललाई सहयोग गरेको थियो । त्यसपछि भार

तसँगै चीन र अमेरिकाबाट खोप ल्याइएको हो। नेपाल सरकारले दुई करोड १२ लाख नागरिकलाई खोप लगाउने लक्ष्य राखे पनि कति समयभित्र लगाइसक्ने भन्ने निर्क्यौल गरिसकेको छैन। १२ देखि १८ वर्षसम्मका बालबालिकाका लागि फाइजरको खोप उपलब्ध भए थप ३५ लाखलाई खोप दिने योजना बनाइसकेको छ।

अहिले कोरोनाको तेस्रो भेरिएन्ट नेपाल भित्रिसकेको भन्ने पुष्टि भैसकेको छ। त्यसबाट बच्न खोप लगाएका र नलगाएका सबैले स्वास्थ्य मापदण्ड अपनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आग्रह गरिरहेको छ। घर बाहिर निस्कँदा मास्क लगाउने, कुनै पनि व्यक्तिसँग दुई मिटर दूरी कायम राखेर कुरा गर्ने, समय समयमा साबुन पानीले मिचिमिची हात धुने, सेनिटाइजर प्रयोग गर्ने जस्ता स्वास्थ्य मापदण्ड अपनाउन आवश्यक छ।

हरेक व्यक्तिलाई खोप लगाउनु अनिवार्य छ। हरेकले खोप लगाएपछि कोरोना नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यसैले खोपप्रति नागरिकको उत्साह पनि बढेको देखिन्छ। सरकारले हरेक स्थानीय तहदेखि सबै ठाउँमा नियमित रूपमा खोप उपलब्ध गराउने तयारी गरिरहेको छ।

## कतिले खोप लगाए, कुन कुन खोप लगाए ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २०७८ साउन महिनाको अन्तिम सातासम्म ८२ लाख ७ हजारभन्दा बढीले खोप पहिलो डोज खोप लगाइसकेका छन्। हाल नेपालमा तीन प्रकारका खोप लगाइँदै छ। कोभिडशील्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सनको खोप लगाउनेको संख्या दिनप्रतिदिन बढिरहेको छ। त्यसमध्येको कोभिडशील्ड र भेरोसेलको मात्रा पूरा गर्न दुई डोज लगाउनुपर्छ। साउन अन्तिम सातासम्म नेपालमा एक डोज लगाए पुग्ने जोन्सन एण्ड जोन्सन लगाउनेको संख्या १३ लाख नाघेको छ।

त्यसैगरी ४८ लाख १७ हजार ९८५ जनाले कोभिडशील्ड र भेरोसेलको पहिलो डोज लगाइसेका छन्। २९ लाख ५ हजार ४७५ जनाले भेरोसेलको पहिलो डोज खोप लगाइसकेका छन्। तीमध्ये १४ लाख ५ हजार ७८९ जनाले दोस्रो डोज लगाएका छन्। भेरोसेलको दोस्रो डोज  लगाउने क्रम जारी छ। कोभिशील्डको १९ लाख १२ हजार ५१० पहिलो डोज लगाइसकेका छन्। त्यसैगरी ९ लाख ८२ हजार ८६० जनाले दोस्रो डोजको खोप लगाइसकेका छन्। स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेलले सञ्चार माध्यमलाई बताए अनुसार भारतले चाँडै पठाउने प्रतिबद्धता जनाएको छ। नेपाललाई जापान सरकारले चाँडै अनुदानमा एस्ट्राजेनेकाको खोप दिने घोषणा गरेको थियो। घोषणा गरे बमोजिमको खोप नेपाल आइसकेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले पनि १२ देखि १८ वर्ष उमेरका बालबालिकालाई लगाउन मिल्ने फाइजरको खोप खरिदको प्रक्रियाबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग जानकारी लिइसकेका छन्। सरकारले बालबालिकालाई लगाउने खोप ल्याउने निर्णय गरिसकेको छ। स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार कोभ्याक्स सुविधामार्फत ४० लाख डोज मोडर्ना र ४० लाख डोज फाइजरको खोप खरिदका लागि प्रस्ताव गरेको छ।

कोरोना संक्रमणको तेस्रो भेरिएन्ट नेपाल आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गरिसकेको छ। त्यसैले सबै नागरिकका लागि खोप अनिवार्य आवश्यकता छ। समयमै हरेक नागरिकले खोप लगाउनु सरकारको पहिलो कर्तव्य हुन जान्छ। कोरोना संक्रमण नियन्त्रणका लागि खोपबाहेक अर्को विकल्प नभएकाले हरेक नागरिकलाई खोपको अनिवार्य आवश्यकता छ।

## लकडाउनमा बढेको मानसिक समस्या



विश्व स्वास्थ्य संगठनका तथ्यांक अनुसार संसारमा चारजनामध्ये एकजना मानिसमा मानसिक समस्या हुन्छ। मानसिक समस्याको बेलैमा पहिचान भएर उपचार हुन सकेन भने यसले डिप्रेसन, एन्जाइटी, बाइपोलार डिसअर्डर, म्यानेया, सिजोफ्रेनियाजस्ता डरलाग्दा रोग निम्त्याउन सक्छ। जसका कारण मानिसले आवेगमा आएर आत्महत्याको बाटो रोज्न सक्छ।

कोभिड महामारीले संसारभर मानसिक समस्याका बिरामीहरू बढेको विश्व स्वास्थ्य संगठनले बताएको छ। नेपालमा समेत कोभिड महामारीका बेला देशभर आत्महत्याका घटना बढेका समाचारहरू प्रकाशित भए। लकडाउनका कारण धेरैलाई चरम मानसिक समस्या

देखा पर्न थालेको छ। कोभिडका कारण बेरोजगार भएका, व्यवसाय घाटामा गएका, घरेलु हिंसाका शिकार बन्न पुगेकाहरूमा आत्तिने, निराश हुनेजस्ता डिप्रेसनका लक्षण देखा परेका छन्। तथ्यांकका अनुसार पहिलो लकडाउन अवधिमा मात्रै ६ हजार जनाले आत्महत्या गरेका थिए। त्यसैले मानसिक समस्याबारे खुलेर बहस गर्नुपर्छ भन्ने धेरै छलफलहरू पनि भए। तर समाजमा मानसिक समस्या त्यति प्राथमिकतामा नपरेका कारण धेरैजस्तो डिप्रेसन, एनजाइटी, प्यानिक अट्याक आउने बिरामीले आत्महत्याबाट ज्यान गुमाउनु परेको छ।

पर्सामा मात्रै अघिल्लो वर्षको तुलनामा यो वर्ष आत्महत्याको घटना बढेको छ। गत वर्ष ९५ आत्महत्याका घटना भएका थिए भने यो वर्ष संख्या बढेर १ सय १८ पुगेको छ। १८ देखि ६० वर्षका उमेर समूहका व्यक्तिले आत्महत्या गरेका छन्। महिलाहरू घरेलु हिंसा, प्रेम सम्बन्धमा हुने असफलता, यौन हिंसाका कारण मानसिक समस्यामा गाँजिदै जाने र त्यसले आत्महत्याको बाटोतर्फ लैजाने विज्ञहरु बताउँछन्। पछिल्लो समय महिला तथा किशोर किशोरीमा बढ्दो आत्महत्याको दरले सबैलाई चिन्तित तुल्याएको छ। आत्महत्याका बढ्दो घटनाले मानसिक स्वास्थ्यबारे छलफल गरेर यसका न्यूनीकरणका लागि केही न केही पहल सरकारी स्तरबाट गर्नु अति आवश्यक छ। सरकार तथा सामाजिक संघ संस्थाहरूले पनि आत्महत्यालाई निरूत्साहित गर्न जनचेतनाका कार्यक्रमहरू चलाउनुपर्छ। सोधपुछ केन्द्र स्थापना, सबै प्रदेश अस्पतालमा सुसाइड हेल्पलाइन, टोल फ्री नम्बरलगायतको व्यवस्था गर्न जरुरी छ। मानसिक समस्याबारे खुलेर कुरा प्रोत्साहित गर्नको लागि विद्यालय तथा कलेजमा किशोरकिशोरी र युवा लक्षित जनचेतनाका कार्यक्रम सञ्चालन गरिनुपर्छ।

> कोभिड माहामारीका कारण विश्वभर मानसिक स्वास्थ्य समस्या बढेको विश्व स्वास्थ्य संगठनले जनाएको छ। नेपालका समेत कोभिड माहामारी शुरू भएयता आत्महत्या बढेको समाचारहरू प्रकाशित भइरहेका छन्।

मानसिक रोगको उपचार सम्भव छ र बेलैमा पहिचान र उपचार भए यो समस्याबाट मुक्ति मिल्ने विज्ञहरू बताउँछन्। तर, यसको लागि सरकार र सरोकारवालाहरूबाट सक्दो जनचेतना अभिवृद्धि गर्ने, मानसिक समस्या बारेमा खुलेर कुरा गर्न अभिप्रेरित गर्ने, आत्महत्या र आत्महत्या प्रयासका घटना न्यूनिकरणका लागि निःशुल्क परामर्श दिने, लकडाउनका बेला अनलाइन काउन्सेलिङमा नागरिकको पहुँच पुऱ्याउने, आदि निकै आवश्यक छ।

## बलात्कार र जबर्जस्तीकरणीका घटना बढे




लकडाउनका अवधिभर नेपालमा बलात्कार र घरेलु हिंसाका घटना अत्याधिक बढेको तथ्यांक सञ्चारमाध्यम मार्फत सार्वजनिक भएको छ। पर्सा जिल्लाको ठोरी गाउँपालिका सुवर्णपुरका ४८ वर्षीय सुनीलकुमार परियारले आफ्ना नाबालक छोरासँग खेल्न आएकी एक बालिकालाई जबर्जस्ती करणी गरे। त्यसैगरी काठमाडौंबाट बुटवल जाँदै गरेको ट्रकमा एक २० वर्षीया महिलालाई दुईजना चालकसहित एक सहचालकले जबरजस्ती करणी गरे।

जिल्ला प्रहरी कार्यालयको तथ्यांक अनुसार, आर्थिक वर्ष २०७७/७८ मा पर्सामा जबर्जस्ती करणीका ३८ घटना भएका छन्। अघिल्लो आर्थिक वर्षमा यस्ता ३९ घटना भएका थिए। गत वर्षमा जबर्जस्ती करणी उद्योगका ७ घटना भएकामा त्यसभन्दा अघिल्लो वर्ष यस्ता ५ वटा घटना भएका थिए। आ.व. २०७७/७८ मा जिल्लामा बालयौन दुराचारका ७ घटना भएका छन्। अघिल्लो वर्ष यस्ता ५ घटना भएका थिए। दुवै आर्थिक वर्षमा अप्राकृतिक मैथुनका १/१ घटना भएका थिए। त्यसैगरी आव २०७७/७८ मा पर्सामा जबर्जस्तीकरणी तथा ज्यान मार्ने उद्योग र अपहरण तथा जबर्जस्तीकरणीका २/२ घटना भएका थिए।

यसरी दिनप्रतिदिन महिलामाथि हुने हिंसाका घटना बढेकाले जबर्जस्तीकरणी जस्तो अपराधमा संलग्नलाई कानुन बमोजिम कारबाही गर्न आवश्यक देखिन्छ।



# विपद्का बेला सामाजिक संस्थाको भूमिका

हरेक देशमा सामाजिक संघसंस्थाको आआफ्नै किसिमको महत्वपूर्ण भूमिका रहन्छ । झन् आपद् विपद्का बेला सरकारसँग सीधा अन्तरक्रिया गर्न नसक्ने समाजका नागरिकका लागि स्थापित नागरिक समाज, संगठन, संघसंस्थाले आफ्नो कर्तव्य पूरा गर्न सक्नुपर्छ। देशमा कोरोना भाइरसले आक्रान्त पारेको बेला सामाजिक संघसंस्थाको जिम्मेवारी अझै धैरै बढेको छ। विभिन्न ठाउँमा सामाजिक संस्थाले सरकारसँग सहकार्य गरेर आइसोलेसन सेन्टर निर्माण, जिल्ला अस्पतालसँगको सहकार्यमा बिरामीलाई खाना खुवाउने, खाना बाँड्ने कार्यक्रम, पिपिई सेट वितरण कार्यक्रमहरू सञ्चालन गरिएका थिए।

कोभिड १९ को पहिलो लहरमा नै सामाजिक संघ संस्थाले विभिन्न ठाउँमा र्‍यापिड रेस्पोन्स टिम, हेल्प डेस्क खडा गर्नेदेखि लिएर गरिब तथा अति विपन्न परिवारलाई राहत समेत वितरण गरेका थिए । त्यस्तै नेपालमा कोरोना भाइरसको दोस्रो लहरसँगै नेपालको स्वास्थ्य क्षेत्रमा रहेका कमजोरी र बेथिति उदाङ्ग भयो । त्यस समयमा नेपालका सामाजिक संस्थाहरूले मेडिकल सामग्री वितरण, अक्सिजन कन्सनट्रेटर्स, पिपिई, क्रिटिकल केयर इक्यूपमेन्ट जस्ता सामग्री वितरण गरेका थिए।

> कोभिड १९ को पहिलो चरणमा नै विभिन्न सामाजिक संघसंस्थाहरूले र्‍यापिड रेस्पोन्स टिम, हेल्प डेस्क खडा गर्ने देखि लिएर राहत सामाग्री वितरण तथा आइसोलेसन सेन्टर निर्माण गरेका थिए।

कोरोना भाइरस संक्रमण बढ्न थालेपछि काठमाडौं लगायत सातै प्रदेशमा आइसोलेसन सेन्टरको कमी हुन थाल्यो । त्यसबीच विभिन्न सामाजिक संघसंथाले आइसोलेसन सेन्टरको निर्माण गरेका थिए । मारवाडी समाज सेवा समितिले गौशालामा ५१ शैयाको आइसोलेन सेन्टर निर्माण गऱ्यो। यो सेन्टरले कोभिड बिरामीलाई निशुल्क खानाको पनि व्यवस्था गरेको थियो। त्यस्तै नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले विराटनगरमा ५१ शैयाको आइसोलेन निर्माण गरेको थियो । सेभ द चिल्ड्रेनले ६ लाख रूपैयाँ बराबरको स्वास्थ्य सामग्री कालिकोट जिल्ला अस्पताललाई हस्तान्तरण गरेको थियो। निड्स नेपाल, केयर नेपाल, वर्ल्ड भिजन नेपाल, ह्युम्यानिटी फाउन्डेसन नेपाल आदि संस्थाले विभिन्न जिल्लाका अस्पतालमा अक्सिजन सिलिन्डर, मास्क, पिपिई, टेस्टिङ किट सहयोग गरेका थिए।

लमजुङ केन्द्रविन्दु पारेर कोभिड महामारीकै बेला आएको भूकम्पमा आआरडिसी लमजुङले राहत सामग्री वितरण गरेको थियो। कोभिड महामारीका बेला मेलम्चीमा गएको बाढी पहिरो पीडितका लागि विभिन्न सामाजिक संघसंस्थाले राहत सामाग्री वितरण गर्नुका साथै मनोसामाजिक प्राथमिक उपचार (साइकोलोजिकल फर्स्ट एड) पनि प्रदान गरेका थिए। आवर कास्कीकोट युथ नेटवर्क पोखराले डाक्टरहरूसँग कन्सलटेसनको कार्यक्रम आयोजना गरेका थिए। परिवर्तनका लागि हातेमालो समाजले स्वाव संकलनमा हुने भीड व्यवस्थापन गर्नुका साथै विराटनगरमा कोभिड संक्रमितका घर स्यानिटाइज गर्ने काम गरेका थिए।

माथि उल्लेखित केही उदाहरणहरु मात्र हुन् । तर, समुदाय र स्थानीय स्तरमा देशभर सक्रिय रहेर कोभिड-१९ को प्रतिकार्य र व्यवस्थापनमा सामाजिक संस्थाहरुले पुऱ्याएको योगदानको पूर्ण विवरण वास्तवमै महत्वपूर्ण हुने छ।

**समाज कल्याण परिषदको पछिल्लो तथ्यांक अनुसार निम्न बमोजिमका सामाजिक संस्थाले गरेका कार्यक्रमहरु र बजेट खर्च यस प्रकार छ।**

- नेपाल समाज कल्याण परिषदका अनुसार नेपालका सात वटा प्रदेशमा १ हजार ६ सय ६ सामाजिक कार्यक्रमहरु सम्पन्न भएको छ।
- बागमती प्रदेशमा मात्रै ३८३ वटा कार्यक्रम भएका छन् भने प्रदेश न १ मा १८५ वटा कार्यक्रम भएका छन्।

# द्रुत प्रतिकार्य समितिहरूको गठन र परिचालन

२१ जुन १० देखि २०२१ जुलाइ १२ सम्म नेपालका ६७ सामाजिक संघसंस्थाले आकास्मिक सेवा सुचारु गरेका थिए। र्‍यापिड रेस्पोन्स टिम खडा गरेर उनीहरुले स्थानीय, प्रदेश र केन्द्रीय स्तरमा विभिन्न नगरपालिका, गाउँपालिकामा आफ्नो सेवा द्रुत गतिमा सञ्चालन गरेका थिए । सहयोग कार्यक्रम अन्तर्गत विभिन्न सामाजिक संघ संस्थाले सबै भन्दा धेरै समुदायमा त्यसपछि स्वास्थ्य संस्थामा, नगरपालिका र गाउँपालिकामा सहयोग गरेको तथ्यांक छ।

गैरसरकारी संस्था महासंघ नेपालले गरेको एक सर्भेक्षणमा देशभरका ६७ गैर सरकारी संस्थाले आफूले गरेको कार्यक्षेत्र, कार्यक्रमहरु, प्राथमिकतामा परेका विषय र सहयोग गरेको र के के विषयमा जोड दिएको उल्लेख गरेका छन् । कोभिड १९ को महामारीका कारण एक महिनाको अवधिमा मानिसको मानव अधिकार हनन भएको तथ्यांक देखिएको छ। गैससको सर्भेक्षणको तथ्यांकमा ५९ प्रतिशत संघसस्थाले कोभिड महामारीमा लैङ्गिक हिंसाका कारण मानव अधिकार हनन् भएको उल्लेख गरेका छन् भने ५६ प्रतिशत संघसंस्थाले स्वास्थ्य, शिक्षा, रोजगारी, बालबालिकाको अधिकार क्षेत्रमा गहिरो प्रभाव पारेको जनाएका छन् । त्यस्तै ५० प्रतिशत संस्थाका अनुसार कोभिड महामारीले किसान, मजदूर, दलित, महिला, पिछडिएका वर्गको मानव अधिकार हनन भएको जनाएका छन् । ४६ प्रतिशतले संक्रमणमा परेका व्यक्ति र परिवार मारमा परेका छन् । नागरिकले गुणस्तरीय दैनिक उपभोग्य वस्तु नपाएको तथ्यांकमा उल्लेख गरेका छन् । त्यस्तै ४० दशमलव ६ प्रतिशतले दिर्घरोगीका औषधी उपचार, ३४ दशमलव ४ प्रतिशतले गर्भवती महिला तथा सुत्केरीलाई धेरै समस्या परेको र ३१ दशमलव ३ प्रतिशत संस्थाले अपांगता भएका व्यक्तिको अवस्थामा नराम्रो असर गरेको प्राप्त तथ्यांकमा भेटिएको छ।

"५० प्रतिशत संस्थाका अनुसार कोभिड महामारीले किसान, मजदूर, दलित, महिला, पिछडिएका वर्गको मानव अधिकार हनन भएको जनाएका छन् । ४६ प्रतिशतले संक्रमणमा परेका व्यक्ति र परिवार मारमा परेका छन् । नागरिकले गुणस्तरीय दैनिक उपभोग्य वस्तु नपाएको तथ्यांकमा उल्लेख गरेका छन् । त्यस्तै ४० दशमलव ६ प्रतिशतले दिर्घरोगीका औषधी उपचार, ३४ दशमलव ४ प्रतिशतले गर्भवती महिला तथा सुत्केरीलाई धेरै समस्या परेको र ३१ दशमलव ३ प्रतिशत संस्थाले अपांगता भएका व्यक्तिको अवस्थामा नराम्रो असर गरेको प्राप्त तथ्यांकमा भेटिएको छ ।"

देशभरका सामाजिक संस्थाले स्वास्थ्य सुरक्षा सामाग्री वितरण, खाद्यान्न, जनचेतना, मनोविमर्श, आइसोलेसन सेन्टर स्थापना, हेल्प डेस्क सञ्चालन, स्वास्थ्य उपकरण, होल्डिङ सेन्टर व्यवस्थापनलगायतका क्षेत्रमा द्रुत गतिमा आफ्नो सेवा सञ्चालन गरेका छन्। सबैभन्दा धेरै संस्थाहरुले कोभिड विरुद्ध जनचेतना कार्यक्रमलाई प्राथमिकतामा पारिएको देखिएको छ । ८७ दशमलव ५ प्रतिशत संघसंस्थाले जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेका छन्। कोरोना भाइरस कस्तो हो ? यो कसरी सर्न सक्छ ? मास्कको उचित प्रयोग कसरी गर्ने ? हात समय समयमा साबुन पानीले धुने वा स्यानिटाइजर प्रयोग गर्ने । भौतिक दूरी कायम गर्ने विषयमा जनचेतना फैलाउने कार्यक्रम पहिलो प्राथमिकताका परेको छ । त्यस्तै स्वास्थ्य सामाग्री तथा उपकरण वितरणमा ८५ दशमलव ९ प्रतिशत संस्थाको प्राथमिकतामा परेको छ । ५० प्रतिशत संस्थाले कोभिडको बेलामा आफन्त गुमाएका छन्। कतिले रोजगार गुमाउनुको डर त्रासले मानसिक समस्या देखा परेकाहरुलाइ मनोपरामर्श दिएका छन् । खाद्यान्नमा ५१ प्रतिशत, आइसोलेशन सेन्टर स्थापना ३१ प्रतिशत संस्थाले काम गरेका छन् । हेल्प डेस्क सञ्चालन, एम्बुलेन्स सेवा नगद सहयोग, असहाय मजदूरलाई भोजन व्यवस्था गर्ने पनि सामाजिक संस्थाले सक्रिय रुपमा गरेको देखिन्छ।


## अध्ययन प्रतिवेदन :

# सामाजिक संघसंस्थामा कोभिड-१९ को प्रभाव

कोभिड-१९ महामारीका कारण संसारभरका सामाजिक संघसंस्थाका कार्यक्रमहरूमा गहिरो असर परेको छ। नेपालका सामाजिक संघसंस्था पनि यस असरबाट अछुतो रहन सकेनन्। नेपालजस्तो विकासोन्मुख देशमा महामारीका बेला सामाजिक संस्थाहरू थप क्रियाशील भएर काम गर्नुपर्ने आवश्यकता छ।

यसैबीच, गैरसरकारी संस्था महासंघ नेपालले कोभिड-१९ को अवस्थाका कारण सामाजिक संघसंस्थामा परेको प्रभाव र विषम परिस्थितिमा चलायमान रहन यस्ता संस्थाहरुले अवलम्बन गरेको रणनीतिबारे एक अध्ययन सम्पन्न गरेको छ। कोभिड-१९ प्रतिकार्यका लागि सरकारले सञ्चालन गरेका कार्यक्रमहरु साथै वाक स्वतन्त्रता तथा शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रताको अवस्थाबारे सामाजिक संघसंस्थाहरुको दृष्टिकोण पनि यस अध्ययनले समेटेको छ। यो अध्ययनले कोभिड-१९ को पहिलो लहर वा सन् २०२० को अवस्थालाई समेटेको छ।

महामारीको समयमा ८७ प्रतिशत सामाजिक संघसंस्थाहरुका गतिविधि तथा कार्यक्रम प्रभावित भएको उक्त प्रतिवेदनले देखाएको छ। थामासात विश्वविद्यालयका डा. दीपेन्द्र केसी र उनको समूहले गरेको अध्ययन प्रतिवेदनमा ५८ प्रतिशत सामाजिक संघसंस्थाका नियमित काममा नकारात्मक प्रभाव परेको उल्लेख छ। १४ प्रतिशत संस्थाले पुरै कार्यक्रम रद्द गर्नुपरेको देखिएको छ। यसैगरी, १४ सय सामाजिक संस्थाले भने विगत एक वर्षदेखि कामहरू केही पनि सुचारू गर्न सकेका छैनन्।




कोभिड-१९ का कारण नयाँ संघसंस्था दर्ता हुन पाएका छैनन् भने वकालत गर्ने दर्ता नभएका संस्थाहरू झन मारमा परेका छन्। नयाँ संस्थाको दर्ता ८९ प्रतिशतले घटेको र नयाँ परियोजना स्वीकृति ८ प्रतिशतले घटेको प्रतिवेदनले देखाएको छ। त्यस्तै १० मध्ये ६ वटा संस्थाले दर्ता तथा नवीकरणको प्रक्रिया अघि बढाउन सकेनन्। पाँचवटा संस्थाको खर्च धान्नसमेत मुश्किल भएको छ। महामारीका बेला सेवाको माग बढ्दो भए पनि स्रोतको अभावका कारण सेवा दिन नसकेको आधा भन्दा बढी संस्थाको गुनासो छ।


सामाजिक संस्थाले कोभिड-१९ को पहिलो लहरको समयमा लगभग ३ करोड अमेरिकी डलर खर्चेका थिए। ४ लाख भन्दा बढी स्वंयसेवक महामारीका बेला प्रत्यक्ष संलग्न भएर काम गरेका थिए। त्यसैगरी ५० हजार कर्मचारीले कोभिडका बेला ऱ्यापिड रेस्पोन्स टिमसँग काम गरेका थिए। सामाजिक संघसंस्थाले १ लाख ५७ हजार पिपिई सेट र अरू सरसफाईका सामग्री बाँडेका थिए। कोभिड-१९ बाट बच्न र सचेत रहन जनचेतना जगाउने, आइसोलेसन सेन्टर निर्माण गर्ने, क्वारेन्टिनमा बसेकालाई खानाको व्यवस्था गर्ने, पिपिई र टेस्टिङ किटहरू वितरण गर्ने आदि कार्य यी संस्थाहरुका प्राथमिकतामा परेका थिए। १० मध्ये ८ ओटा सामाजिक संस्थाले दलित तथा पिछडिएका वर्गलाई सहयोग र सहकार्य गरेका थिए।

विभिन्न सामाजिक संस्थाले ६७ जिल्लामा सहयोगका कार्यक्रम गरेका छन्। समस्यामा परेका व्यक्तिलाई नगददेखि लिएर विभिन्न स्वास्थ्य सामाग्री, खाद्यान्न, भोजन, मनोसामाजिक परामर्श लगायतका सहयोग भैरहेको छ।

यस विषयमा गैर सरकारी महासंघले एउटा अध्ययन गरेको थियो। सातवटै प्रदेशमा सामाजिक संघ संस्थाले अभियान चलाएका थिए।

सबैभन्दा कम प्रदेश र प्रदेश २ बाट २ वटा संस्थाले सर्वेक्षणमा भाग लिएका थिए। त्यसैगरी सबैभन्दा बढी बागमती प्रदेशमा २४ वटा संस्थाले सर्वेक्षणमा भाग लिएका थिए। प्रदेश १ मा ३ वटा संस्थाले सर्भेक्षणमा भाग लिएका थिए।

त्यसैगरी लुम्बिनी प्रदेशमा ३ वटा संस्था, कर्णाली प्रदेशमा १२ वटा संस्था र सुदुरपश्चिममा २० वटा संस्थाले सर्वेक्षणमा भाग लिएका थिए। ...यस अध्ययनको विस्तृत प्रतिवेदन गैसस महासंघ नेपालको वेबसाइटमा उपलब्ध छ।



# अन्तरक्रिया कार्यक्रम

## एचएलपीएफ साइड इभेन्ट्को आयोजना




संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले प्रत्येक वर्ष जुलाईमा दिगो विकास लक्ष्य सम्बन्धमा उच्चस्तरीय राजनीतिक मञ्च (High Level Political Forum) को आयोजना गर्दछ । संयुक्त राष्ट्रसंघका विभिन्न सदस्य राष्ट्रहरुले यस अवसरमा दिगो विकास लक्ष्यको स्वैच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review / VNR) मा भाग लिन्छन् । साथै, संयुक्त राष्ट्रसंघीय निकायहरु, सरकारी तथा अन्तरसरकारी निकायहरु, नागरिक संगठन तथा सञ्जाल आदिले समानान्तर रुपमा चल्ने साइड इभेन्ट्सको आयोजना गर्दै अन्तरराष्ट्रिय स्तरमा दिगो विकास लक्ष्य हासिल सम्बन्धमा भएका प्रगति, चुनौति र यससम्बन्धी विभिन्न पक्षहरुको मन्थन गर्दछन् ।

यसै अन्तर्गत, दिगो विकास लक्ष्यको कार्यान्वयन र अनुगमनका लागि दिगो विकास लक्ष्य १६ प्लस विषयमा २०२१ जुलाई ७ तारिखमा एक साइड इभेन्टको आयोजना गरिएको थियो । राष्ट्रिय योजना आयोग आयोजक रहेको यस कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपाल, नेपाल दिगो विकास मञ्च, नेपालस्थित संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधिको कार्यालय लगायत अन्य छ वटा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरु सहआयोजक रहेका थिए ।

सरकारी अधिकारीहरू, नीति निर्माताहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, विशेषज्ञहरू र नागरिक समाजको सहभागितामा दिगो विकास लक्ष्य १६ ले कसरी अन्य लक्ष्यहरु समेतको कार्यान्वयन र अनुगमनमा अनुकुल वातावरणको सिर्जना गर्छ भन्ने विषयमा छलफल गरिएको थियो । वास्तवमै एसडिजी १६ प्लसले मानव अधिकार, लोकतन्त्र, नागरिक समाजको सहभागिता, सुशासन, सक्षम र जवाफदेही संस्थागत संरचना, न्याय, समानता र समावेशीकरणको विषयलाई प्रबद्धन गर्नुपर्ने विषयलाई विशेष जोड दिन्छ । जुनसुकै विकास निर्माण र अग्रगामी परिवर्तनका लागि यी आधारभूत तत्वहरु हुन् । यसर्थ, नागरिक समाज, सामाजिक संघसंस्थाहरु र नेपाल दिगो विकास मञ्चले एसडिजी १६ प्लस अन्तर्गत पर्ने विभिन्न लक्ष्यका सूचकहरुको कार्यान्वयन र हासिलमा जोड दिएका छन् । नेपाल दिगो विकास लक्ष्य मञ्चसँग आबद्ध संस्थाहरुले विभिन्न लक्ष्यहरुमा केन्द्रीत भएर दिगो विकास लक्ष्यको कार्यान्वयनमा योगदान पुऱ्याइरहेका छन् ।

प्रगति, चुनौतिहरू, अनुभवहरूको आदानप्रदान सँगै सरोकारवालाहरूले एसडीजी १६ प्लसलाई निगरानी उपकरणको रूपमा लिएर दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।



# नेपाल दिगो विकास मञ्चको समीक्षा बैठक




नेपाल दिगो विकास मञ्च र गैसस महासंघको सयुक्त आयोजनामा समीक्षा बैठक हालसालै सम्पन्न भएको हो । दिगो विकास लक्ष्य समीक्षा बैठकमा २०७७ माघ २७ गते युनिभर्सल पिरियोडिक रिभ्यु (Universal Periodic Review Third Cycle) को समीक्षा पनि गरिएको थियो ।

त्यसैगरी, कोभिड-१९ महामारीबाट सिर्जित जटिल परिस्थितिमा दिगो विकास लक्ष्य हासिलका लागि मानवअधिकारका संयन्त्रहरुलाई उपयोग गर्दै सम्बन्धित निकायहरुलाई कसरी जवाफदेही र पारदर्शी बनाउन सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । गैसस महासंघ नेपालका अध्यक्ष जितराम लामाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाही प्रमुख अतिथि हुनुहुन्थ्यो ।

आयोगका सदस्य शाहीले आफ्नो मन्तब्यमा नेपालको दिगो विकास लक्ष्यमा उपलब्धि, प्रगति र चुनौती विषयमा प्रस्तुत गर्नुभएको थियो । प्रगति विवरणमाथि प्रकाश पार्दै उहाँले तथ्यांक संकलन नै प्रमुख मुद्दा भएको बताउनुभयो । सूचक अनुसारका विभाजित वा विशिष्टीकृत आंकडा र तथ्यांक संकलन प्रमुख चुनौती भएकोले प्रणाली सुधार्न पर्ने कुरामा जोड दिनुभयो । त्यस्तै, दिगो विकास लक्ष्य १६ अन्तर्गतका सूचकमा पनि तथ्यांकको अभाव रहेको शाहीले बताउनुभयो । यस्तो अवस्थामा वास्तविक प्रगतिको मापन कठिन रहेको उहाँले बताउनुभयो । नेपाल सरकारले हालै सार्वजनिक गरेको दिगो विकास लक्ष्य प्रगति प्रतिवेदनबाट पनि आधाभन्दा बढी सूचकहरुमा तथ्यांक नै उपलब्ध नभएको प्रष्ट छ । यस्तो अवस्थामा नागरिकस्तरमा सिर्जित तथ्यांकको उपयोगमा जोड दिइएको थियो ।

प्रधानमन्त्रीको कार्यालयका सहसचिव कोषल चन्द्र सुवेदीले मानवअयिुधकार सम्बन्धी युनिभर्सल पिरियोडिक रिभ्यु र नेपालको सहभागिताबारे जानकारी गराउनु भयो । साथै उहाँले मानवअधिकार र दिगो विकास लक्ष्यहरु अन्तरसम्बन्धित रहेको तथ्यलाई पनि जोड दिनुभयो ।


दिगो विकास लक्ष्यहरु कानूनी आधार नभई एक प्रतिबद्धता मात्र भएकोले पनि यसको कार्यान्वयनलाई मानवअधिकारसँग जोडेर हेर्न तथा यसका लागि नागरिक समाजले वकालत र खबरदारी गर्न जरुरी छ ।

समावेशी रुपमा दिगो विकास लक्ष्यको प्राप्ति, नागरिक समाज र सामाजिक संघसंस्थाको सहभागिताका लागि अनुकुल वातावरण, दिगो विकास लक्ष्यहरुको स्थानीयकरण, सीमान्तकृत तथा संकटासन्न समुदायको विकासमा मूलप्रवाहीकरण आदि विषयहरुलाई सहभागीहरुले उठान गरेका थिए । नेपाल दिगो विकास मञ्चका सदस्यहरुले आफ्ना विचारहरु राखेका थिए ।

कार्यक्रमको सञ्चालन गैसस महासंघ नेपालका महासचिव रामप्रसाद सुवेदीले गर्नुभएको थियो भने उपमहासचिव अर्जुन भट्टराईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका दिगो विकास लक्ष्य सम्बन्धी कार्यक्रम तथा प्रक्रियाहरुबारे जानकारी गराउनुभयो ।



# मनसुनी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन विषयमा छलफल कार्यक्रम




२०७८ असार ३ मा गैर सरकारी संस्था महासंघ नेपालले बाढी, पहिरो र डुबान जस्ता मनसुनको समयमा आइपर्ने विपद्लाई न्यूनीकरण र व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा भर्चुअल माध्यमबाट एक छलफल कार्यक्रम गरेको थियो । प्राकृतिक प्रकोपका कारण वर्षेनी धनजनको क्षति उच्च हुँदै आएको छ । यो वर्षको मनसुन सक्रिय भइसकेको र विगतका वर्षहरूमा भएका क्षति र प्रतिकार्यहरूको अनुभवका आधारमा आवश्यक तयारी गरे सम्भावित क्षति न्यूनीकरण गर्न सकिने अवस्था रहन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सम्बन्धित निकायका साथै नागरिक समाज र सामाजिक संघसंस्थाको भूमिका महत्वपूर्ण हुन्छ ।

यसै सन्दर्भमा यस वर्षको मनसुनी विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि तयारी, सामाजिक संघसंस्थाको भूमिका लगायतका विषयमा सरोकारवालाहरूसँग छलफल कार्यक्रम गरिएको हो । कार्यक्रममा सरकारको तर्फबाट भइरहेको तयारी, बाढी, पहिरो, डुबानलगायत प्राकृतिक प्रकोपको सम्भावना, समाज कल्याण परिषद्को संघसंस्था सहजीकरणको तयारी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको तयारी, संघसंस्थाको भूमिकाको समीक्षा र आगामी दिनको तयारी विषयमा छलफल भएको थियो ।

सिन्धुपाल्चोकमा आएको बाढी र पहिरोले धेरै जनधनको क्षति भइसकेको छ । कोभिड १९ ले आक्रान्त पारेको समयमा मनसुन चाँडै सक्रिय भएर धेरै ठाउँमा बाढी पहिरोको जोखिम बढेकोमा सरकार तथा गैर सरकारी संस्था, सामाजिक संस्थाको ध्यानाकर्षण र पूर्वतयारी हुनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए ।

कार्यक्रममा जल तथा मौसम विज्ञ डा. धर्म उप्रेतिले यो वर्ष अघिल्लो वर्षभन्दा दुई दिन अघि नै मनसुन सक्रिय भएको बताउनुभयो । उहाँका अनुसार ९० देखि १२० दिनको बीचमा धेरै पानी पर्ने जोखिम छ । पाँच दिनमा विषेशगरी बागमती प्रदेशमा सबैभन्दा बढी पानी परेको उहाँले तथ्यांकमा देखाउनुभएको थियो । 'यो अवस्थामा हामी सचेत हुन जरूरी छ । अहिलेको प्रमुख आवश्यकता भनेकै सूचनाको पहुँच र जोखिम नियन्त्रणको पूर्व तयारी हो, उहाँले भन्नुभयो । नेपाल टेलिकम, एनसेलजस्ता सूचना प्रवाह गर्ने संस्थाले एसएमएस पठाउने तर त्यो सूचनाको पहुँच सबै ठाउँमा नहुने उहाँको भनाई थियो । विपद्का बेला कसरी जोगिने भन्नका लागि नागरिकले समयमै सूचना प्राप्त गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । यसका लागि एसएमएस अलर्टलाई धेरै ठाउँमा पुर्‍याउन र जारी गराउन जरूरी रहेको उहाँको भनाई छ । त्यस्तै जनतालाई चाँडै सुरक्षित ठाउँमा सार्नुपर्ने, विपद्

व्यवस्थापन र जोखिम न्यूनीकरणमा वकालत गर्न तथा समुदायमा विपद् व्यवस्थापन सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम गर्न जरूरी रहेको उहाँले बताउनुभयो ।

विपद् व्यवस्थापनमा सामाजिक संस्थाको भूमिका महत्वपूर्ण रहन्छ। अहिले नेपालका धेरै स्थानहरूमा बस्ती बढिरहेको छ। नदी कटान, बाढी पहिरो, डुबान र कोभिड संक्रमणतर्फ सरकारको ध्यानाकर्षण रहेको विपद् जोखिम न्यूनिकरण प्राधिकरणका उपसचिव वेदनिधि खनालले कार्यक्रममा बताउनुभयो। वर्षायाममा पनि सडक बनिरहेका छन्, खोला नजिक घर बनिरहेका छन्। अव्यवस्थित बस्ती, प्लटिङ बढिरहेको छ। नदीको बहाव क्षेत्र अतिक्रमण भइरहेको छ। त्यसले गर्दा विपद्को जोखिम बढेको उहाँले बताउनुभयो। सरकारले खुला स्थानको पहिचान गरी प्रणालीमा राखेको, पीडितलाई घर बनाइदिने तयारी पनि भइरहेको, हेलिप्याड, बारूण यन्त्र पनि प्रणालीमा ल्याउने तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो। सरकारले पूर्व तयारी हरेक वर्ष गर्दै आएको तर यसका बाबजुद पनि नागरिक सचेतना कार्यक्रमको कमी भएकाले यस्तो विकराल परिस्थिति निम्तिने गरेको उहाँले बताउनुभयो।

जोखिम न्यूनीकरणमा सामाजिक संस्थाको प्रमुख भूमिका रहन्छ। विपद्का कारण हरेक वर्ष ६ लाख ४० हजार व्यक्ति प्रभावित हुने गरेका छन्। अन्तर्राष्ट्रिय गैर सरकारी संस्था पनि विपद् व्यवस्थापन समिति र स्थानीयसँगको सहकार्यमा लाग्ने विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका सरोकारवालाहरूले बताउनुभयो। जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनमा विपद्को सम्भावना भन्दा पहिला सूचना पुऱ्याउन सके जोखिम केही हदसम्म नियन्त्रण हुन सक्ने पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले बताउनुभयो। सबै मिडियाकर्मीहरूले आफूलाई सुरक्षित राखेर समाचार संकलन गर्न उहाँले अनुरोध गर्नुभयो। यसका लागि तत्काल प्रतिकार्य गर्न संयन्त्रहरू सबल हुन जरूरी रहेको र सामाजिक संघसंस्थाको 'र्‍यापिड रेस्पोन्स डेस्क' खडा गर्नपर्ने उहाँले औंल्याउनुभयो। संकटको बेला सूचना पाए मात्र राहत कहाँकहाँ पुऱ्याउने भन्नेबारे जानकारी हुन्छ। विपद् आउने अवस्था नदिन सक्दैनौं तर नियन्त्रण र जोखिमबाट कसरी बच्ने र उद्दार गर्ने भन्ने सहकार्य गर्न अति आवश्यक रहेको उहाँको भनाइ थियो।

त्यस्तै अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले राज्यले र अन्य निकायले पनि अपांगता भएका व्यक्तिको सुरक्षालाई ध्यान दिँदै विपद्का बेलामा विशेष योजना बनाउन जरूरी भएको औंल्याउनुभयो। अपांगता भएका व्यक्ति विपद्मा धेरै नै प्रभावित हुन्छन्। योजना र नीति बनाउँदा अपांगता भएका व्यक्तिको ख्याल राख्नुपर्नेमा उहाँले जोड दिनुभयो। 'नेपालमा त्यो अभ्यास भएको छैन। विपद्मा चामल र टेन्टका कुरा गरेका हुन्छौँ। तर अपांगता भएका व्यक्तिका लागि धेरै सामग्री चाहिन्छ तर त्यसको कुरा गरिएको हुँदैन, उहाँले भन्नुभयो। सूचना पनि अपांगतामैत्री नभएको उहाँले बताउनुभयो। सरकारले जारी गरेका सूचनामा पनि अपांगता भएका व्यक्तिको पहुँच हुँदैन। 'विपद् आउँदैछ है भनेर साइरन बजेको बहिरा व्यक्तिले थाहा पाउँदैनन्। बाढी आइरहेको दृष्टिबिहिन व्यक्तिले थाहा पाउँदैनन्, उहाँले भन्नुभयो। विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम बनाउँदा अपांगता भएका व्यक्तिहरूको हेक्का राख्न सुझाव दिनुभयो।

सूचना एकै किसिमले प्रवाह गर्दा फलदायी नहुन सक्छ। सामाजिक सञ्जाल नचलाउने व्यक्तिहरू पनि रहेकाले उनीहरूका लागि पनि सोचेर सरकार र सामाजिक संस्थाको पूर्व तयारी हुनुपर्ने जागरण मिडियाका अध्यक्ष रेम बि.क.ले बताउनुभयो। सबैजना प्रविधिमैत्री छन् भन्ने छैन। सबैले कसरी सूचना पाउन सक्छौँ त्यो सोच्नुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकायका सरोकारवालाहरूको उपस्थिति रहेको थियो। सबैले आ-आफ्नो धारणा व्यक्त गरेका थिए। व्यापारी र भू-माफियाको कार्यलाई सरकारले रोक्न आवश्यक रहेको वक्ताहरूको भनाई थियो। अब अर्को सम्भावित विपद्लाई ध्यानमा राखेर यसै वर्षदेखि काम थाल्न सुझाव दिइएको थियो। यस समयमा जोखिम न्युनीकरणबारे छलफलभन्दा पनि विपद् को पूर्व जानकारी दिने संयन्त्रलाई कसरी मजबुद बनाउने भन्नेतिर ध्यान दिनुपर्नेमा जोड थियो। क्षतिग्रस्त क्षेत्रमा उद्दारमा पठाउने, दुर्गम क्षेत्रका मानिसलाई बाढी, पहिरोविरूद्ध कसरी तयारी अवस्थामा बस्ने भनेर सूसुचित गर्ने कुरामा प्राथमिकता हुनुपर्नेमा वक्ताहरूले जोड दिनुभयो। कार्यक्रममा वक्ताहरूबाट आपत् विपद्को बेला पीडितलाई मनोवैज्ञानिक उपचार र परामर्शका बारेपनि सोच्नुपर्ने, गर्भवती, अपांगता भएका व्यक्ति, बालबालिकालाई प्राथमिकतामा राख्नुपर्ने, भूउपयोग योजना र मापदण्ड, पूर्वतयारी र प्रतिकार्य क्षमता अभिवृद्धि, विपद पूर्वसुचना प्रणाली, विपद् सम्बन्धी अध्ययन, अनुसन्धान र परीक्षण विपद् व्यवस्थापनका नयाँनयाँ प्रविधिको उपयोग जस्ता सुझाव आएका थिए। कम्तिमा देशभित्र एउटा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमन गर्ने विश्वविद्यालयको नै आवश्यकता औंल्याइएको थियो। प्रत्येक प्रदेशमा विज्ञहरू सम्मिलित विपद् व्यवस्थापन मञ्च स्थापना गरी वार्षिक रूपमा सम्पूर्ण विपदको पूर्वानुमान, अनुसन्धान वा विपद् अडिट, पूर्व तयारी र प्रतिकार्यको त्रैमासिक समीक्षाको व्यवस्था गर्न सकिने विज्ञहरूको सुझाव छ।

कार्यक्रमको अध्यक्षता गैसस महासंघ नेपालका अध्यक्ष जितराम लामाले गर्नभएको थियो। महासंघकै उपाध्यक्ष सुमित्रा शर्माले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नभएको थियो। यसैगरी कार्यक्रमको सञ्चालन महासचिव रामप्रसाद सुवेदीले र छलफलको सहजीकरण उपमहासचिव अर्जुन भट्टराईले गर्नभएको थियो। कार्यक्रममा १५० जनाभन्दा बढी सहभागी रहेका थिए।

# कोभिड-१९ संकट व्यवस्थापन अध्यादेशको समीक्षा

गैरसरकारी संस्था नेपाल महासंघले 'कोभिड-१९ को संकट व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको अध्यादेश-२०७८ माथि विश्लेषण सहितको भर्च'अल छलफल बैठक सम्पन्न गरेको छ। २०७८ असार १८ गते आयोजित कार्यक्रममा सरकारले ल्याएको अध्यादेशका विषयमा छलफल गर्न ७० जना भन्दा बढी नागरिक समाजका व्यक्तित्वहरू बैठकमा सहभागी भएका थिए। कार्यक्रममा गैसस महासंघ नेपालका अध्यक्ष जितराम लामाले अध्यादेशको समीक्षा प्रस्तुत गर्नुभएको थियो। त्यसमा सहभागीहरूले विश्लेषण, टिप्पणी गर्दै आफ्ना विचारहरू प्रस्तुत गरेका थिए।

नेपाल सरकारले २०७८ जेठ ६ गते कोभिड १९ संकट महामारी रोकथाम र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले अध्यादेश ल्याएको थियो। अध्यादेशमा स्वास्थ्य आपतकालको घोषणा, एकीकृत केन्द्रीय अस्पताल, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, संघ, प्रदेश र स्थानीय तहका साथै स्वास्थ्यकर्मीहरूको कोष र खरिद व्यवस्थापन, अनुगमन र सुरक्षा सम्बन्धी प्रावधान राखिएका छन्। अध्यादेशले कोरोना महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारको सन्दर्भ मात्र नभई यसै विषयमा हुने अपराधमा सजायको पनि निर्धारण गरेको छ।

कोभिड-१९ को संक्रमण नियन्त्रण र उपचार गर्न सरकारले गरेको एकपक्षीय प्रयास पर्याप्त नहुने भएकाले अध्यादेश ल्याइएको हो। तर, अध्यादेशद्वारा परिकल्पना गरिएको संगठनात्मक संरचनाहरूमा नागरिक समाज र संगठनहरूको भूमिका र सहभागितालाई उचित स्थान नदिइएको कुरा छलफलमा उठेको थियो।

अध्यादेशले संघीय सरकारलाई अधिक भूमिका दिन खोजेको चर्चा गरिएको थियो। यो महामारी नियन्त्रण र रोकथाममा प्रदेश र स्थानीय सरकारहरूको भूमिका महत्वपूर्ण रहने भएतापनि सोही अनुसारको भूमिका भने अध्यादेशले दिएको छैन। यसले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताजस्ता मौलिक अधिकारहरूमा कटौती गर्न सक्ने विषय छलफलमा उठेको थियो।


अध्यादेशले कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणको दिशामा काम गर्ने क्रममा कानुन उल्लंघन गरिएमा त्यसलाई अपराध मानेर सजाय तोक्न सकिने व्यवस्था गरेको छ। तर प्रमुख जिल्ला अधिकारीलाई दिईएको दण्डसम्बन्धी अधिकार भने असामान्य देखिएको छ।

बैठकका सहभागीहरूले अध्यादेश नागरिक समाजको सहभागिता र भूमिकालाई समेट्न असफल भएको आलोचना गरेका थिए। महामारी नियन्त्रणका साथै विपद् व्यवस्थापनसँग सम्बन्धित सरकारी निकायहरूलाई पनि बेवास्ता गरेको नागरिक समाजका अगुवाहरूले आलोचना गरेका थिए। राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सक्रिय गराएर व्यवस्थापन गर्न सकिने भए पनि अध्यादेशमा त्यो व्यवस्था नगरिएको विषयमा समेत छलफल भएको थियो। प्रकोपसँग लड्नु सरकारका सबै तहको साझा जिम्मेवारी भएकाले प्रदेश र स्थानीय सरकारको भूमिका बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका थिए।

अध्यादेशमा खोप, मनोसामाजिक सहयोग, शिक्षा, यातायात, सञ्चार जस्ता विषयलाई सम्बोधन गर्न नसकेको सहभागीहरुको भनाई थियो।

सरकारले महामारीको समयमा सरकारसँग सहकार्य गर्नसक्ने सामाजिक संघसंस्थाहरुलाई आवश्यक स्थान र सुविधा उपलब्ध गराएको वा सहजीकरण गरेको छैन। कोभिड १९ प्रतिकार्यमा अग्रपंक्तिमा खटिने सामाजिक संघसंस्थाका पदाधिकारी तथा कर्मचारीलाई पनि खोपको प्राथमिकता दिइएको छैन। सरकारसँग स्रोत, साधनको कमी छैन तरपनि विद्यमान मानव संसाधन र संयन्त्र परिचालन गर्न नसकेको विषयमा टिप्पणी भएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेल, दलित गैरसरकारी संघ महासंघका कार्यकारी अध्यक्ष भक्त विश्वकर्मा, सामुदायिक विद्युत उपभोक्ता महासंघका अध्यक्ष नारायण ज्ञवाली, जुरी नेपालका विष्णु पोखरेल, डीपीनेटका अध्यक्ष सूर्यबहादुर थापा, गोगो फाउन्डेसनका कार्यकारी निर्देशक केदार खड्का, आटविनका कार्यकारी निर्देशक बेनुमाया गुरूङ, नागरिक समाजका टंक अर्याल लगायतले अध्यादेशका विषयमा आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।




बैठकलाई गैसस महासंघका उपमहासचिव अर्जुन भट्टराईले सहजीकरण गर्नुभएको थियो। त्यसैगरी महासचिव रामप्रसाद सुवेदीले बैठकको सन्दर्भ र उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

# विश्व भोकमरी सूचकांक प्रतिवेदनको नेपालमा सार्वजनिकरण




विश्व भोकमरी सूचकांक प्रतिवेदन (Global Hunger Index report) को नेपालमा २०७७ चैत्र १८ गते सार्वजनिक गरिएको छ । गैरसरकारी संस्था महासंघ नेपाल र वेल्टहंगरहिल्फको संयुक्त आयेजनामा काठमाडौंमा उक्त प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा. डा. पुष्पराज कँडेल तथा विशिष्ट अतिथिहरुबाट संयुक्त रुपमा प्रतिवेदन सार्वजनिक गरिएको थियो ।


प्रतिवेदनले नेपाललाई विशेष महत्व दिएको छ । भोकमरीको विश्वव्यापी अवस्था, नेपालको अवस्था र कोभिड १९ समेतलाई ख्याल गर्दै दिगो विकास लक्ष्य २ को हासिलमा देखापरेका चुनौतिबारे विशेषज्ञहरुबाट टिप्पणी गरिएको थियो ।

वेल्टहंगरहिल्फका मरियम वाइमेर्जले विश्वव्यापी दृष्टिकोणबाट, डा. पद्मप्रसाद खतिवडाले नेपालको अवस्थामा आधारित रहेर तथा राष्ट्रिय योजना आयोगका महेश खरेलले भोकमरी र कुपोषण अन्त्यको लागि सरकारको भूमिका विषयमा प्रकाश पार्नुभएको थियो । यसैगरी डा. इन्दिरा घलेले समावेशीकरणको दृष्टिकोणबाट र कर्णाली प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सर्वराज खड्काले कर्णाली प्रदेशका कार्यक्रम तथा चुनोतिमा केन्द्रीत रहेर आफ्ना विचार राख्नुभएको थियो । साथै, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा. डा. पुष्पराज कँडेल र सदस्य मीनबहादूर शाहीले पनि योजना आयोगका नीति, कार्यक्रम र प्रयासबारे बताउँदै नागरिक संघसंगठनहरु र सरकारको सहकार्यको आवश्यकता औंल्याउनु भयो । यसैगरी युरोपियन युनियन नेपालका राजदूत नोना डेप्रेजले विकास साझेदारहरूको भूमिकाको महत्व दिँदै सहकार्यको प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# सामाजिक सुरक्षा कोषमा गैससको आवद्धताबारे छलफल

नेपाल सरकारले निजी तथा गैरसरकारी संस्थामा कार्यरत कर्मचारीहरुलाई लक्षित गर्दै सामाजिक सुरक्षा कोषको योजना ल्याएको छ । सरकारले पेन्सन, बीमा र सामाजिक सुरक्षाको उचित व्यवस्थापन सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषको स्थापना गरेको बताएको छ । कोषमा निजी र गैर सरकारी संस्थाहरूलाई सहभागिताको लागि आग्रह गरिएको छ । तर, सामाजिक सुरक्षा योजनामार्फत सरकारले गैर सरकारी क्षेत्रको रोजगारीको प्रकृति तथा जटिलतालाई बेवास्ता गर्दै बिना कुनै परामर्श र समाधान एकलौटी रुपमा लाद्न खोजेको टिप्पणी छ ।

सामाजिक सुरक्षा कोषमा रहेका प्रावधानहरु सामाजिक संघसंस्थाहरुको सन्दर्भममा अस्पष्ट छन् । यस क्षेत्रका लागि यो विषय गम्भीर बनेको छ । त्यसैले यस विषयमा थप गृहकार्य गर्न, छोटो र आवधिक प्रकृतिको रोगजगारी भएको यस क्षेत्रका लागि पनि उचित हुने खालका प्रावधानहरु ल्याउन तथा वास्तविक सामाजिक सुरक्षाको अनुभुति दिलाउन सहभागीहरुले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।




पाँचसय भन्दा बढी सहभागीका साथ २०७८ असार २४ गते सम्पन्न यस भर्चुअल कार्यक्रमको आयोजना गैरसरकारी संस्था महासंघ नेपाल र एआईएनले संयुक्त रूपमा गरेका थिए ।




# राष्ट्रिय नागरिक सम्मेलन तथा २६औं वार्षिक साधारण सभा कार्यक्रम

गैरसरकारी संस्था महासंघ नेपालले हरेक वर्ष आयोजना गर्दै आएको राष्ट्रिय नागरिक सम्मेलन यो वर्ष '**सामाजिक न्याय, सुशासन र संघसंस्थामैत्री वातावरण आजको आवश्यकता, दिगो विकास, समृद्धि र साझेदारीका लागि हाम्रो प्रतिबद्धता**' भन्ने मूल उद्घोषका साथ २०७६ साल चैत २६ गते सम्पन्न भएको थियो ।



काठमाडौंमा आयोजना गरिएको यस कार्यक्रममा तत्कालीन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री माननीय जुलीकुमारी महतो, राष्ट्रिय योजना आयोगका सदस्यहरू माननीय मीनबहादुर शाही, समाजकल्याण परिषद्का उपाध्यक्ष डा. पद्म प्रसाद खतिवडा, नेपाल रेडक्रस सोसाईटीका अध्यक्ष डा. नेत्र तिम्सिना लगायत गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रीय कार्य समितिका सल्लहकारहरु, पदाधिकारीहरू, प्रदेश र जिल्ला समितिका पदाधिकारीहरू, विभिन्न पेशा, विषय, क्षेत्रहरू सम्बद्ध देशभरि रहेका महासंघ, नेटवर्क, एलायन्सहरूका प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघ तथा युरोपियन युनियनका प्रतिनिधिहरू, सामाजिक अभियन्ता तथा अधिकारकर्मीहरू, नागरिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधि लगायतको सहभागितामा सम्पन्न भएको थियो । कार्यक्रम भौतिक र भर्चुअल दुवै माध्यमबाट सञ्चालन भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री जुलीकुमारी महतोले पानसमा वत्ति बालेर कार्यक्रम समुद्घाटन गर्नुभयो । कार्यक्रममा माननीय मन्त्रीले एकीकृत सामाजिक विकास ऐन मस्यौदा गर्न मन्त्रीपरिषदमा एक मस्यौदा समिति गठन गर्न प्रस्ताव गरिएको कुरा अवगत गराउनुभयो । प्रस्तावित मस्यौदा ऐन संसदबाट जतिसक्दो चाँडो पारित गरि सामाजिक तथा नागरिक संघसंस्थाहरुका अधिकार तथा मागहरु सम्बोधन गर्न लागिपर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले अगाडी भन्नुभयो, ऐन मस्यौदा गर्ने क्रममा नागरिक तथा सामाजिक संघसंस्थाहरुको सक्रिय तथा सार्थक सहभागीतालाई सुनिश्चित गरि परामर्श र सल्लाह लिईने छ । नागरिक तथा सामाजिक संघसंस्थाहरुले कार्यक्रम कार्यान्वयनमा वेहोर्नु परेका विभिन्न झञ्झटहरुका बारेमा आफु जानकार रहेको कुरा समेत बताउनुभयो । त्यसैले अब उप्रान्त नागरिक तथा सामाजिक संघसंस्थाहरु अनलाईन मार्फत दर्ता तथा नवीकरण गर्न आवश्यक व्यवस्था मिलाउन लागिएको कुरा पनि जानकारी गराउनुभयो ।

कार्यक्रममा **समाज कल्याण परिषद्का उपाध्यक्ष पद्मप्रसाद खतिवडाले** गैसस र सरकारी संयन्त्रबीचको आवश्यक सम्बन्धका सन्दर्भमा गैसस र सरकारी संयन्त्रहरूबाट लिइएको सुझाव सल्लाहको आधारमा ४३ बुँदे नीति तथा कार्यक्रम तर्जुमा गरी सोही अनुरूप कार्यान्वयन भईरहेको बताउनुभयो ।

'वर्तमान परिवर्तित परिवेशमा गैससहरूले सामाजिक उद्यमशीलताको मोडललाई अपनाउन सके राष्ट्रको दिगो विकासमा थप टेवा पुग्नेछ, उहाँले भन्नुभयो ।

**राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाहीले** नागरिक समाजले राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरणका क्षेत्रमा पुऱ्याएको भूमिकाको उच्च प्रशंसा गर्दै नागरिक समाज र सामाजिक संस्थाहरूको लागि आवश्यक पर्ने नीति र कानून निर्माण गर्न राष्ट्रिय योजना आयोग भरमग्दुररूपमा सक्रिय रहँदै आएको बताउनुभयो । 'सम्भवतः नेपालमा पहिलोपटक सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको

क्षेत्र घोषणा गरिएको छ, उहाँले भन्नुभयो, 'नागरिक समाज, नागरिक संगठन र परियोजनामुखी संघसंस्थालाई फरकफरक दृष्टिकोणले हेरिनुपर्छ ।

**कार्यक्रममा राष्ट्रिय खानेपानी उपभोक्ता महासंघ नेपालका अध्यक्ष राजेन्द्र अर्यालले** गैसस महासंघ नेपाल गणतन्त्र नेपालको सच्चा पहरेदार, सामाजिक अभियानको अगुवा र सम्पूर्ण महासंघ, नेटवर्क, र एलायन्सहरुको संगठकको रुपमा रहि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनु भयो । चाहे विगतको लोकतन्त्र प्राप्तिको आन्दोलनमा होस् वा सामाजिक परिवर्तनको सवालमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ भने मुलकभरका गैरसरकारी संस्थाहरुको छाता संगठनको रुपमा रहि सम्पूर्ण सामाजिक अभियानहरुलाई एकीकृत गर्दैआएको उहाँको भनाई थियो ।

**कार्यक्रममा, युथ एड्भोकेसी नेपालका अध्यक्ष नरेन खतिवडाले** बदलिएको वर्तमान राजनीतिक अवस्थामा नागरिक समाजको भूमिका के कस्तो हुनपर्ने हो भन्ने विषयमा छलफल गर्नुपर्ने र राजनीतिक तरलताको अवस्थामा नागरिक समाजको भूमिका महत्वपूर्ण हुने भएकाले गैसस महासंघ नेपालले नेतृत्वदायी भूमिका लिनुपर्ने बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई थप सशक्त र सवल बनाउन गैसस महासंघ नेपालले हातेमालो गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

**युरोपियन युनियनका राजदुत महामहिम नोना डिप्रेजले** करिव ३०० भन्दा बढि परियोजना मार्फत नेपालमा रहेका नागरिक तथा सामाजिक संघसंस्थाहरुसँग युरोपियन युनियनले सहकार्य गरिहेको र ती परियोजनाहरु मानव अधिकार, लोकतान्त्रिकरण, सामाजिक आर्थिक भौतिक विकास पुर्वाधार निर्माण, विपद व्यवस्थापन तथा प्रतिकार्यसँग सम्बन्धित रहेको जानकारी दिनुभयो । विकास प्रक्रियामा नागरिक समाजको भूमिका महत्वपूर्ण हुने भएकाले नागरिक समाजको भूमिकालाई थप सशक्त र प्रभावकारी बनाउनका लागि नागरिक तथा सामाजिक संघसंस्थाका गतिविधिहरु संचालन गर्न तथा क्षमता अभिवृद्धि गर्न सहकार्य भईरहेको उहाँले बताउनु भयो । युरोपियन युनियनले प्रभावकारी नीतिनिर्माण, दीगो विकास, समावेशीकरण र अधिकार संरक्षण संयन्त्र सवलीकृत गर्न निरन्तर सहकार्य गरिरहेको छ । नेपालका गैरसरकारी संस्थाहरुसँग सहकार्य तथा साझेदारी गर्न युरोपियन युनियन सदा तयार रहेको उहाँले बताउनुभयो ।

**राष्ट्रिय अपांग महासंघ नेपालका अध्यक्ष मीत्रलाल शर्माले** गैसस महासंघ नेपालले विभिन्न नीति, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा अपांगतामैत्री बनाउनका लागि खेलेको भमिकाको सह्राना गर्नुभयो । राज्य र राज्यसंयन्त्रहरुका गतिविधिहरु समेत अपांगमैत्री बनाउनका लागि नागरिक समाजबाट साथ सहयोग पाउने अपेक्षा व्यक्त गर्नुभयो।

**गैरसरकारी संस्था महासंघ नेपालका पूर्व महासचिव शान्तलाल मुल्मीले** नागरिक तथा सामाजिक संस्थाको भूमिकालाई पुनर्भाषित तथा पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । सबै लोकतान्त्रिक संस्कार, व्यवहार, सोचका लागि एकवद्ध भएका हौं । वर्तमान अवस्थामा समयक्रमसँगै नागरिक संस्थाहरु निजी क्षेत्रको छायाँमा परि समानता र समन्यायको क्षेत्रमा प्रयत्नशिल नागरिक संस्थाहरुको भुमिका कमजोर भएकाले यस चुनौतिलाई निराकरण गर्न देशभरिका नागरिक तथा सामाजिक संस्थाहरुको छाता संगठन गैसस महासंघ नेपालले आवश्यक कार्य अगाडी बढाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

**कार्यक्रमा नेपाल रेडक्रस सोसाईटीका सभापति डा. नेत्र तिम्सिना, राष्ट्रिय मानअधिकार आयोगका नेपाका पूर्व सदस्य गौरी प्रधानलगायतका वक्ताहरुले** नागरिक संगठनहरुले दीगो शान्ति, लोकतान्त्रिक आन्दोलन, र निरंकुशता विरुद्धको आन्दोलनमा खेलेको अतुलनीय ऐतिहासिक भूमिकाको स्मरण गर्नुभयो । त्यस्तै वर्तमान परिप्रेक्ष्यमा गैससले दीगो सामाजिक विकासका लागि सुशासनको अभियानलाई सुदृढ पार्दै अगाडी बढ्नुपर्ने आवश्यकता औंल्याउँनुभयो । नागरिक समाज र संगठनहरुले तटस्थ मध्यस्थताको भुमिका खेल्नुपर्ने, गैसस र नागरिक समाज प्रति हुने टिकाटिप्पणीलाई संवेदनशील ढंगले ग्रहण गर्नुपर्ने बताउनुभयो ।

नागरिक समाजको भूमिका सवल, परिणाममुखी र उद्देश्योन्मुख बनाउन व्यापक छलफल तथा अन्तरक्रिया गर्नुपर्ने उपस्थित वक्ताहरुले बताउनुभयो । कार्यक्रममा सहभागी अन्य वक्ताहरुले आगामी दिनहरूमा नागरिक तथा सामाजिक संघसंस्थाहरूसँग सहकार्य गर्न तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । अबको एक दशकभित्र राज्यले मध्यम आय भएको देशमा स्तरोन्नति हुने लक्ष्य लिएबाट उक्त लक्ष्य प्राप्तिका लागि गैससहरूको भूमिका महत्वपूर्ण हुने भएकाले संस्थाहरूले गर्ने विकासमुखी पद्धति, क्रियाकलापहरूमा परिवर्तन आवश्यक रहेको वक्ताहरुले जोड दिनुभयो ।

**कार्यक्रमको दोस्रो चरणमा** नेपालका नागरिक तथा सामाजिक संघसंसथाहरुसँग सम्बन्धित नीतिगत तथा कार्यक्रम कार्यान्वयनसँग सरोकार भएका विषय तथा सवालमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो । गैरसरकारी संस्था महासंघ नेपालका प्रदेश समितिका अध्यक्षहरुले संघीय र प्रादेशिक कानुनहरुमा रहेका असंगती तथा विरोधाभासपुर्ण व्यवस्थाहरु माथि टिप्पणी गर्नुभएको थियो । यसका साथै उहाँहरुले नागरिक तथा सामाजिक संघसंस्थाहरुको दर्ता, नवीकरण, र संचालन, कर भुक्तानीका क्रममा आउने गरेका विभिन्न झंझट तथा व्यवधानहरु पनि प्रस्तुत गर्नुभएको थियो । उपस्थित धेरै सहभागीहरुले समाज कल्याण परिषदको मौजुदा संघीय संगठनात्मक संरचना पर्याप्त नभएकाले यसको सांगठनीक संरचनाहरु प्रादेशिक र स्थानीयस्तर सम्म विस्तार गरिनुपर्ने कुरा राखेका थिए। उनीहरुले अगाडी भने, यस्तो व्यवस्थाले नागरिक तथा सामाजिक संघसंस्थाहरुको दर्ता, संचालन, नवीकरण, र अनुगमनमा सहजता हुनेछ र यस प्रावधानलाई अब मस्यौदा हुने सामाजिक विकास ऐनमा समेट्नु पर्छ ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपालका निवर्तमान अध्यक्ष गोपाल लम्सालले नागरिक तथा सामाजिक संघसंस्थाहरुका लागि आवश्यक कानुनका लागि दशकौं देखि गैरसरकारी संस्था महासंघ नेपाल निरन्तर लागिपरेको र धेरै मस्यौदा ऐनहरु पनि निर्माण भएका तर कानुन बन्न नसकेको कुरा बताउनु भयो । उहाँले भन्नुभयो, अब धेरै

ढिलो भईसकेकाले नागरिक तथा सामाजिक संघसंस्थामैत्री एकीकृत सामाजिक विकास ऐन तर्जुमा गरि संघसंस्थाका गतिविधि सहज र प्रभावकारी बनाउन दिशानिर्देश गर्न सकियोस् ।

यसैक्रममा FHI 360 का कानुन, नीति तथा मानव अधिकार वरिष्ठ सल्लाहकार टंक अर्यालले नागरिक तथा सामाजिक संघसंस्थासँग सम्बन्धित सैंद्धान्तिक पक्षका सम्बन्धमा सबैको समान धारणा बने नागरिक तथा सामाजिक संघसंस्था दर्ता, नवीकरण, संचालन, र कर भुक्तानी सम्बन्धि समस्याहरु स्वतः निकारकरण हुन्छन् भन्नुभयो । उहाँले एकीकृत ऐनका केही कमजोरी समेत रहन सक्ने भएकाले यस बारेमा सचेत रहनुपर्ने कुरामा जोड दिनुभयो ।

**कार्यक्रमको तेस्रो चरणमा** गैरसरकारी संस्था महासंघ नेपालको २६ औं वार्षिक साधारण सभा कार्यक्रमको संचालन गरियो। गैरसरकारी संस्था महासंघ नेपालका महासचिव रामप्रसाद सुवेदीले महासंघको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। कोषाध्यक्ष विष्णु थकालीले वार्षिक आर्थिक आयव्यय प्रतिवेदन प्रस्तुत गर्नुभयो । बन्द सत्रमा संचालन भएको बैठकबाट वार्षिक कार्यक्रम प्रगति प्रतिवेदन र वार्षिक प्रतिवेदनलाई पारित गरियो ।





# कोभिड महामारीमा बाल श्रमलाई बढवा

कोभिड १९ को महामारीबाट सिर्जित आर्थिक अभावका कारण बालबालिकाहरु जोखिमपूर्ण बाल श्रम गर्न वाध्य भैरहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ । कोरोना संक्रमणका कारण संसारभरको अर्थतन्त्रमा अप्रत्याशित नोक्सानी भएको छ । विद्यालय तथा शिक्षण संस्थाहरू बन्द हुँदा बालबालिकाहरु विद्यालय जान पाएका छैनन् । विद्यालयहरु बन्द हुँदा बालबालिकाहरू एकदमै जोखिम काम गर्न वाध्य भएका छन् । ह्युमन राइटस् वाचले गरेको अध्ययन प्रतिवेदनले कोरोना संक्रमणकालमा नेपालका बालबालिकाहरू जोखिमपूर्ण कार्य गर्न वाध्य भएको उल्लेख गरेको छ । परिवारमा खानको लागि विकल्प नभएपछि धेरै बालकालिकाहरू श्रम गर्न वाध्य भएको देखिएको छ । बाँच्नको लागि विकल्प नभएका कारण कोरोना महामारीकालमा पनि बालश्रममा वृद्धि देखिएको हो ।


> विद्यालयहरू बन्द हुँदा ८० लाखभन्दा बढी विद्यार्थीहरु प्रभावित भएका छन् । शिक्षा मन्त्रालयले इन्टरनेट, रेडियो र टेलिभिजनको माध्यमबाट दूर शिक्षा कार्यक्रम प्रदान गरे पनि युनिसेफले नेपालका दुई तिहाई स्कुलका बालबालिकामा इन्टरनेटको पहुँच पुग्न नसक्ने बताएको छ ।

नेपाल सरकार र अन्तर्राष्ट्रिय दाताहरूले जोखिमपूर्ण कामबाट बालबालिकालाई जोगाउनका लागि उनीहरूको आवश्यकतामा ध्यान दिनुपर्ने विश्लेषण गरिएको छ । उनीहरूको परिवारमा खानका लागि केही नगद सहयोग हुन सकेमा बाल श्रम कम हुनसक्ने सुझाइएको छ ।

कोरोना महामारीका कारण दुई वर्षदेखि भौतिक रूपमा विद्यार्थी उपस्थित हुन नसकेपछि विद्यालयहरू बन्द भएका छन् । सरकारको अपर्याप्त सहयोगले बालबालिकालाई जोखिमपूर्ण बाल श्रममा लाग्न वाध्य पारिएको ह्युमन राइट वाचले गत जुन १२ मा बाल श्रम विरूद्धको विश्व दिवसको सन्दर्भमा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ ।

सन् २०२१ मा नेपालमा कोभिड १९ को दोस्रो लहरले पुनः लकडाउन भएको थियो । बालबालिकालाई हेरचाह गर्ने आमाबाबु संक्रमित हुंदा बालश्रमको जोखिम बढेको प्रतिवेदनमा उल्लेख छ । कतिपय बालबालिकाले कोरोना संक्रमणका कारण अभिभावक गुमाउनु पर्दा झनै बाल श्रम गर्न वाध्य परेको हो । कतिपय बालबालिकाहरूले आफ्ना अभिभावक गुमाएपछि थोरै तलबका लागि लामो, कठिन काम गरेको बताएका थिए । धेरै बालबालिकालाई आफ्नो परिवारमा दैनिक गुजाराका लागि सहयोग पुऱ्याउन काम गर्नु बाहेक अरू कुनै विकल्प छैन । तर, बाल श्रमको बृद्धि महामारीको अपरिहार्य परिणाम होइन, प्रतिवेदनमा भनिएको छ । ह्युमन राइट्स वाचका बालबालिकाको अधिकार वकालत निर्देशक जो बेकरले भनेका छन्, 'नेपाल सरकार र अन्तर्राष्ट्रिय दाताहरूले शोषण र जोखिमपूर्ण बाल श्रमबाट बच्न नेपालले अपेक्षाकृत नगद हस्तान्तरण कार्यक्रम गर्न'पर्छ ।

अध्ययनकर्ताहरूले घाना, नेपाल र युगान्डामा रहेका ८१ जना बालबालिकाहरूको अन्तर्वार्ता लिएका थिए । नेपालमा ह्युमन राइट्स



> नेपालमा ह्युमन राइट्स वाचले ८ देखि १६ वर्ष सम्मका बालबालिकाको अन्तरवार्ता लिएको थिएको थियो । ती बालबालिका इट्टा भट्टा, कार्पेट कारखाना, निर्माण सामग्री बनाउने, रिक्सा चालक, सिकर्मी लगायतको काममा सहभागी भएका छन् ।

वाचले ८ देखि १६ वर्षसम्मका २५ जना बालबालिकाको अन्तर्वार्ता लिएको थियो । ती बालबालिका ईट्टाभट्टा, कार्पेट कारखाना, निर्माण सामग्री बनाउने काममा सहभागी, रिक्सा चालक, सिकर्मीलगायत काम गरेका थिए । त्यसैगरी आम्दानीका लागि मास्क बेच्ने लगायतका काममा पनि सहभागी भएका छन् ।

अन्तर्वार्ता लिएका लगभग सबै नेपाली बालबालिकाले महामारीले उनीहरूको परिवारकै आम्दानीमा नकारात्मक असर पारेको बताएका थिए । एक १२ वर्षीया बालिकाले भनेकी छिन् 'हामीसँग महिनौंसम्म आम्दानीको कुनै स्रोत थिएन । हामीले अझै आठ महिनाको कोठा भाडा तिर्न सकेका छैनौं' । उनकी आमाले क्याटरिङमा काम गर्थिन । लकडाउनमा काम नभएपछि घर चलाउन अप्ठेरो भएको थियो ।

धेरै बच्चाहरूले आफ्नो परिवारलाई सघाउन काम गर्न वाध्य थिए । किनभने तिनीहरूका परिवारमा खानाको लागि पर्याप्त खाद्यान्न थिएन । निशेषाज्ञा सहज भए पनि बालबालिका काम गर्न वाध्य छन् । धेरै बालबालिकाले आफूहरूले काम गर्नु परेको बताएका थिए। विशेष गरी विद्यालय बन्द भएकाले कम्तीमा १२ घण्टा काम गरेको ह्युमन राइट्स वाचको प्रतिवेदनमा उल्लेख गरेको छ। हप्ताको सातै दिन बालबालिकाहरू थकित हुनेगरी काम गरेका थिए। उनीहरूको पीठ, खुट्टा, घुँडा, हात, औंलामा गाह्रो हुनेगरी काम गरेको उल्लेख छ । एक कारखानामा काम गर्ने ११ वर्षीया बालिकाले भनेकी छिन्, 'मेरो औंलामा धागो बुन्दाबुन्दै घाउ बन्यो। बुन्नका लागि डिजाईनको नक्सा हेरिरहँदा मेरो आँखामा गाह्रो भयो । म घण्टौं बसिरहँदा खुट्टा दुख्छन् । नेपालको न्यूनतम ज्याला १३ हजार ४५० रूपैयाँ प्रतिमहिना तोकिएको छ। अधिकांश बालबालिकाले अन्तर्वार्तामा ज्याला निकै कम भएको गुनासोसमेत गरेको प्रतिवेदनमा उल्लेख छ । कारखाना र ईट्टाभट्टामा काम गर्ने अभिभावकले आफ्ना बालबालिकालाई काममा लगाउँछन् ।

विद्यालयहरु बन्द हुंदा ८० लाखभन्दा बढी विद्यार्थीहरू प्रभावित भएका छन् । शिक्षा मन्त्रालयले इन्टरनेट, रेडियो र टेलिभिजनको माध्यमबाट दूर शिक्षा कार्यक्रम प्रदान गरे पनि युनिसेफले नेपालका दुई तिहाई स्कुलका बालबालिकामा इन्टरनेटको पहुँच पुग्न नसक्ने बताएको छ।

'स्कूल बन्द भए पछि घरबाटै पढ्नको लागि केही थिएन', एक बालकले भनेका छन्, 'घरमा सबैजना खाना खाएपछि काममा दौडिनुपर्छ' । बीचमा केही समय विद्यालय खोलिएको बेला ह्युमन राइट्स वाचले सन् २०२१ को जनवरी र फेब्रुअरीमा बालबालिकाको अन्तर्वार्ता लिएको थियो । त्यस समयमा धेरैजसो बालबालिका विद्यालय गएका थिए। तर, केही बालबालिका भने आफ्नो कामलाई निरन्तरता दिएर विद्यालय गएनन् । एक गलैचा कारखानामा काम गर्ने बालिकाले दिनको छ घण्टा काम गरेको बताएकी छिन् । 'त्यहाँ कुनै पठन वा गृहकार्य गर्ने समय नै हुँदैन', उनले भनेकी छिन्, 'अरू साथीहरू पनि विद्यालय गएका छैनन् । किनभने काम गर्न छोडेमा खानै बन्द हुन्छ' ।

नेपालले कोभिड १९ को महामारीमा नगद सहयोग दिन नसकेको प्रतिवेदनमा भनिएको छ । यद्यपी बंगलादेश, भारत र पाकिस्तान लगायतका देशमा लाखौं परिवारलाई खानका लागि नगद दिएको उल्लेख छ। बेकरले भनेका छन्, 'नगद भत्ता भनेको स्मार्ट लगानी हो जसले बालबालिकालाई शोषण र जोखिमपूर्ण कामबाट टाढा राख्छ। बालबालिकालाई विद्यालय जान मद्दत गर्छ।

# सामाजिक क्षेत्रबाटै वैकल्पिक अर्थव्यवस्थाको बहस शुरु गरौं



– अर्जुन भट्टराई, उपमहासचिव, गैसस महासंघ नेपाल

विश्वमा जब औद्योगिक क्रान्तिको लहर आयो तब, विकासले नयाँ गति लिएको पाइन्छ। सन १८४० पछि मानव समाजमा काम गर्नुपर्छ भन्ने भावनाको विकास र कामबापत ज्याला पाउनु पर्छ भन्ने मान्यता बढ्दै गयो । अर्कोतर्फ निजीकरणका लागि वातावरण निर्माण गर्न खुला उदार अर्थनीति अघि सार्न थालियो । खुल्ला अर्थ व्यवस्थालाई अंगीकार गर्दै समाज विकासमा अग्रणी स्थानमा रहेका पश्चिमा मलुकहरुले ल्याएको चमत्कारी विकासको गतिलाई हाम्रो जस्तो भखरै बामे सर्दै गरेको अर्थतन्त्रले सजिलै आंकलन र अवलम्बन गर्न सकिने अवस्था पनि रहेन । तर, अर्कोतर्फ विश्वव्यापीकरण र आधुनिकीरणमा त्यहाँको प्रभाव प्रत्यक्ष अप्रत्यक्ष यहाँ पनि पर्न थाल्यो। विकसित मुलुकहरुमा विकासको उपभोगलाई हरेक नागरिक र परिवारको अवस्थाबाट सुधार ल्याई समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा केही भए पनि उपस्थिति सशक्तरुपमा देखाउनु पर्छ भन्ने भयो। बिडम्बना, अल्पविकसित र विकासशील मुलुकहरुमा आन्तरिक द्वन्द्व र राजनैतिक अस्थिरता कारण त्यहाँ भएको प्रगतिलाई केवल परिकल्पनाका लागि मात्र प्रस्तुत गरियो र राजनैतिक नारामा सीमित गरियो । कुनै मुलुक कसरी विकसित मुलुक भयो भन्ने गहिरो गरी अध्ययन, विश्लेषण गरिएन। सतही तर्क र बुझाइले वास्तविक भन्दा पनि भ्रम छर्न मलजल भयो । जसले गर्दा विषेशगरी अहिले युवा पुस्तामा व्यापक निरासा छाएको पाइन्छ।

नेपाली राजनीतिका उच्च नेताहरुले बेलाबेलामा पछिल्लो दशकमा उच्च प्रगति गरेका दुई विकसित मुलुक सिंगापुर र स्विजरल्याण्डको नाम बारम्बार लिँदै त्यस्तै बनाउँछु भन्नुहुन्छ। तर, अहिलेको सिंगापुर बनाउने जग निर्माण गर्न सर थोमस स्टेमफोर्ड राफेल्सले सन् १७८१ देखि १८२६ सम्म कति मिहिनेत गरे । त्यसैगरी १९ औं शताब्दीमा राजनीतिकर्मी अल्फ्रेड एस्चरले स्विजरल्याण्ड बनाउँदा तय गरेका रणनीति र कार्यनीतिलाई हाम्रो भूराजनैतिक अवस्थामा सम्भव छ कि छैन भनेर कहिले बहस र विश्लेषण भएको देखिएन।

> नेपाली राजनीतिका उच्च नेताहरूले बेलाबेलामा पछिल्लो दशकमा उच्च प्रगति गरेका दुई विकसित मुलुक सिंगापुर र स्विजरल्याण्डको नाम बारम्बार लिँदै त्यस्तै बनाउँछु भन्नुहुन्छ। तर, अहिलेको सिंगापुर बनाउने जग निर्माण गर्न सर थोमस स्टेमफोर्ड राफेल्सले सन् १७८१ देखि १८२६ सम्म कति मिहिनेत गरे। त्यसैगरी १९ औं शताब्दीमा राजनीतिकर्मी अल्फ्रेड एस्चरले स्विजरल्याण्ड बनाउँदा तय गरेका रणनीति र कार्यनीतिलाई हाम्रो भूराजनैतिक अवस्थामा सम्भव छ कि छैन भनेर कहिले बहस र विश्लेषण भएको देखिएन।

विकासको क्रममा देखिएका सैद्धान्तिक कुराहरु र आधुनिकीरणलाई आफ्नो मुलुक अनुकुल व्यवहारिक प्रयोग गर्दा कति देशहरुले धेरै उन्नति, प्रगति गरेका छन् । मुलुक समृद्ध बन्न अरुको प्रयोग ठ्याक्कै मिल्छ भनेर प्रयोग गर्न कहिले सम्भव हुँदैन। किनकि विकास समृद्धिका आफ्नै मौलिक पृष्ठभूमि हुन्छन् । दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा भएको बिनासले सिकाएका पाठबाट जापानीजहरुले युद्धलाई शक्तिमा बदलेर विश्व बजारको अग्रपंक्तिमा आएको हो । युद्धलाई शक्तिमा बदलेर प्रगतिका बाटोमा लागेका कोरिया, नर्वे, जर्मनीलगायतका देश छन् । त्यो मात्र होइन विश्व पुँजीवाद र विश्व बजारबाट अलग गरिएको गणतन्त्रवादी देश चीनले अहिले विश्व बजारलाई एकलौटी बनाउन लागिपरेको छ । चिनीयाँ मोडलको विकासले अहिले विश्वमा तरंग ल्याएको छ । किनकि यो मौलिक छ र धरातलीय यर्थातमा अडिएको छ । जसले गर्दा पश्चिमका देशहरुले चीनको अर्थराजनीति जति बल गरे पनि भत्काउन मुस्किल देखिन्छ।

आधुनिकीकरणसँगै उदय भएको पुँजीवादी विश्व संरचनाभित्र सशक्त बनेको विश्व अर्थतन्त्रले आज राजनैतिक, सामाजिक, आर्थिक क्षेत्रको विकासमा कल्पना गर्न नसक्ने उपलब्धि हात पारिसकेको छ। मानवको विचार र मस्तिष्कबाट सिर्जना भएको कम्प्युटर, इन्टरनेटको प्रविधिले हालको विकासलाई इतिहासको एउटा चरम विन्दुमा पुर्‍याएको छ। विकासका धेरै पाटाहरु पुँजीवादी सँस्कृतिमा

रुमलिएपनि मानव सभ्यतामा आएको आमूल परिवर्तनले समाज उत्थानका लागि आफ्नै घरदैलोबाट अघि बढ्नुपर्छ भन्ने मान्यता पनि सँगसँगै हुर्काउँदैछ । नयाँ आविष्कार र ज्ञानको खोजमा रात दिन घोत्लिएर बस्ने जोश, जाँगर बढ्ने क्रम पनि देखिएको पाइन्छ । जसले गर्दा न्यूटन, कार्ल मार्क्स, एरिस्टोटल, शेक्सपियर, फ्लोरेन्स नाइटेङ्गेल, अब्राहम लिंकनजस्ता महान व्यक्तिहरुको उदय हुन पुग्यो । उनीहरुको कर्मठ र खोजमूलक विचारले आज संसार बदल्ने व्यहारिक दर्शन प्रदान गऱ्यो । २१औं शताव्दीमा भएको वैज्ञानिक, चमत्कारपूर्ण आविस्कारले ल्याएको अतुलनीय सेवासुविधा हामीले भोग गरिरहेका छौं । अब यो अवस्थाबाट पछि फर्कन कठिन छ ।

पुँजीवादको विकाससँगै विश्व समाज तीन भागमा वर्गीकरण भएको देखिन्छ । पश्चिम युरोप र अमेरिकालगायतका पुँजीवादी अर्थव्यवस्था भएका देशलाई पहिलो विश्व, ल्याटिन अमेरिकालगायत सोभियत संघ साम्यवादी देशहरुलाई दोस्रो विश्व र एसिया लगायतका विकासोन्मुख देशहरुलाई तेस्रो विश्वको रुपमा विश्लेषण गर्दै विश्वको संयन्त्र तय गरियो । जसले गर्दा मानव मस्तिष्कमा एकातिर वर्गीय र अर्कोतर्फ राजनैतिक विभाजन देखियो । विकासका लागि प्रकृति पनि साथमा रहेकाले पहिलो विश्वमा रहेका अमेरिका, युरोपमा सामुन्द्रिक स्रोतको अधिकतम उपयोग देखियो । पेट्रोलियम पदार्थको अत्याधिक भण्डारण रहेकाले आर्थिक विकास झन सहज बन्दै गयो । ठूल्ठूला कलकारखाना, उद्योगधन्दा स्थापना भए । शिक्षा तथा सचेतनामा आमूल परिवर्तन आयो । राजनैतिक तथा सामाजिक परिवर्तनले नयाँ रुप लियो । राजनैतिक स्थिरता र सकारात्मक नेतृत्वको कारण विश्वमा नयाँ अस्तित्व कायम गर्न सफल देखियो । अर्कोतर्फ दोस्रो विश्वका कैयौं राष्ट्रहरुले आन्तरिक कलह र फुटका बाधा सहनु पऱ्यो । सोभियत संघ जस्तो महान राष्ट्रमा फुट पूँजीवादी शैलीले पारेको प्रभावले साम्यवादको वा महत्वकांक्षा चकनाचुर भयो । विश्वका पुँजीवादी देशका लागि यो एउटा खुशीको कुरा थियो भने कम्युनिष्ट राष्ट्रहरुका लागि अत्यन्त दुःखको समाचार बन्यो । मानवमा बढेको रुचि, चाहनालाई साम्यवादी समाजले परिपूर्ति गर्न सकेन । कडा प्रशासनिक पद्धति र विचारमा लाग्ने लगामको कारण साम्यवादी विचार तुहिन पुग्यो । यो मौका छोपी पश्चिमी पहिलो वर्गमा आफुलाई राखेका मुलुकहरुले व्यापारिक फाइदा अधिक लिन सके । फलस्वरुप उनीहरु धनी हुँदै गए भने अर्कोतर्फ दोस्रो वर्गका देशमा आन्तरिक कलह सिर्जना हुन थाल्यो । यसैगरी तेस्रो दर्जाका मुलुकहरुमा मिश्रित अर्थ व्यवस्था भएकाले प्रायः पूँजीवादी विचारले प्रभावित पाऱ्यो । स्रोतसाधनको दोहन गरी राजनैतिक प्रभाव जमाउने होडबाजीले गर्दा अनेकौ आर्थिक, सामाजिक र साँस्कृतिक द्वन्द्वमा अल्झिन पुगे । तर, जबजब पूँजीवादी शैलीको विस्तार भयो, तब, मानव जीवनशैली सजिलो बन्दै गयो । विकासका सारा योजनाहरु पश्चिमा सँस्कृतिबाट निर्देशित भए । किनकि उनीहरु बाठा भैसकेका थिए । आर्थिक रुपले सशक्त पनि थिए । आफ्ना जनतालाई पर्याप्त सेवा सुविधा दिएर अरु मुलुकहरुलाई पनि विभिन्न सहायताको नाममा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्न थाले । जसले गर्दा नेपाल लगायत कैयौ मुलुकहरु परनिर्भरताको दलदलभित्र भासिन पुगे । जुन दलदलबाट अहिलेसम्म निस्कन सकेका छैनन् ।

मिश्रित अर्थ व्यवस्था भएका तेस्रो मुलुकहरुमा एक त राजनैतिक अस्थिरता रहेको पाइन्छ । अर्कोतर्फ ठूलो सामाजिक विभेद छ । विकासका लागि चाहिने प्राकृतिक स्रोत भए पनि उत्खनन्, परिचालन र उपभोग सीपको कमीले औचित्यहिन बन्न पुगेका छन् । प्राकृतिक स्रोतको अत्याधिक प्रयोगबाट पश्चिमा मुलुकहरु स्रोतसाधन सम्पन बन्दै गए । गरिब र अल्पविकसित देशहरुका मानिसहरुलाई विभिन्न बहानामा आफ्नो देशमा निम्ता गरी ज्ञान, सीप र क्षमता लिई झन विकसित बन्दै गए । नेपाललगायतका कतिपय अल्पविकसित देशहरु उनीहरुले पठाएको रेमिट्यान्सको ठूलो मात्राको प्रयोग गरी समृद्धिको खाका कोर्दैछौं । साथसाथै अनेकौं बहानामा गरिब र अविकसित मुलुक प्राकृतिक स्रोतहरु तीव्र रुपमा बाहिर जाने क्रम बढ्यो । एकातिर सुलभ सस्तो मालसामान पाउने भने अर्कोतर्फ केही मात्रामा भए पनि रकम पाउने भए । हाम्रो जस्तो गरिब मुलुकका मानिसहरु त्यतातिर नै बढी आकर्षित हुनु स्वभाविक देखिन्छ । स्रोतसाधनको अधिकतम प्रयोग गरी सञ्चारलाई आफ्नो पहुँचमा लिँदै बजार, सरकार, शक्ति केन्द्रहरु नियन्त्रण गर्न सफलता भएको कारण अहिले हाम्रोजस्ता देशहरु अर्थ ट्रान्जिटको रुपमा प्रयोग भैरहेका छन् । रेमिट्यान्स, वैदेशिक ऋण, सहयोग र अनुदानको आधारमा खडा भएको नेपाली अर्थतन्त्रको जग सधैं कमजोर हुनुको पछाडि हाम्रो देशमा आफ्नो मौलिक अर्थ राजनैतिक खाका नभएर हो । हाम्रो वस्तुगत धरातल, मानिसहरुको आवश्वकता, क्षमता, सोच चिन्तन, व्यवहार, स्रोत, साधन र विकास दृष्टिकोणका आधारमा आफ्नो जगमा उभिएको वैकल्पिक अर्थराजनैतिक व्यवस्था स्थापना नभएसम्म दरिद्र परनिर्भरता कायम रहन्छ । नेपालको लामो समय समकालीन राजनैतिक धरातल परनिर्भर अर्थव्यवस्थालाई नै मलजल गर्ने देखियो । जसले गर्दा हाम्रो आर्थिक उन्नति हुनुको साटो ठूलो संख्यामा युवा पुस्तासँगै नवीनता र विकासको आधारस्तम्भ पनि अन्य मुलुकमा जानेक्रम रोकिएको छैन । यहाँ शक्ति केन्द्रका सबै संयन्त्रहरु सधैंभरि छद्मरुपी विकासको मोडल तय गरी लागू भएको छ । जसका कारण विकासको वास्तविक मूल फुट्नुको साटो देखावटी र बनावटी रुपमा मात्र विकास हुन पुग्यो । जुन आम नागरिक विशेषगरी युवा पुस्ताले चाहेभन्दा अत्यन्त फरक छ ।

अतः नागरिक समाज र संघसंस्थाहरुले हाम्रो मुलुकमा साँच्चै समृद्धि ल्याउन योगदान गर्ने हो भने धरातलीय भूराजनैतिक यर्थातताालाई आत्मसात गर्न जरुरी छ । प्राकृतिक स्रोतसाधन, सीप, क्षमता, सोच चिन्तनको अधिकतम प्रयोग गर्दै आधुनिकता र विश्व अर्थतन्त्रको प्रणालीमा अट्ने हाम्रो मौलिक, वैकल्पिक अर्थव्यवस्थाको निर्माण गर्नेतिर बहसको थालनी गरौं । वैकल्पिक अर्थव्यवस्थाको निर्माणबाट मात्र दीगो विकास प्राप्ति भई समृद्धिको सपना पुरा हुनेछ ।

## गैरसरकारी संस्था महासंघ नेपाल

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : +९९७-१-४७९१३६८, ४७९२९०८, ४७९५५०८

E-mail : info@ngofederation.org

Website : www.ngofederation.org